नेपाल सरकार
गृह मन्त्रालय
काठमाडौं उपत्यका प्रहरी कार्यालय

कन्ट्रोल : १००
फोन : ०१-५७२१०१७
CUG: ९८५१२८८८०८

पो.ब.नं. ५६८६
रानीपोखरी, काठमाडौं

पत्र संख्या: ०८२/०८३ च.नं. १६४५४ मिति: २०८३ असार ३० गते

प्रा.प.सं. :

## विषय: प्रेस विज्ञप्ति

मिति २०८३ असार २९ गतेका दिन "विभिन्न मिडिया हाउस अगाडि तथा अन्य स्थानहरूमा आवागमन अवरोध भएको" विषयलाई लिएर सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा नेपाल प्रहरी र ट्राफिक प्रहरीको भुमिका शंकास्पद रहेको भनी सम्प्रेषण भएका सामग्रीहरूप्रति काठमाडौं उपत्यका प्रहरी कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

उक्त घटना सम्बन्धमा विभिन्न मिडिया हाउस अगाडि तथा अन्य स्थानहरूमा अनाधिकृत रुपमा सवारी साधनहरू पार्किङ् गरी आवागमन अवरोध भएको सुचना प्राप्त हुनासाथ नेपाल प्रहरी र ट्राफिक प्रहरी उक्त स्थानहरूमा खटिई, सवारी चालकहरूको खोजतलास गर्दा फेला नपरेपछी सवारी आवागमन सुचारू गर्न उक्त सवारी साधनहरू क्रेनको सहायताले हटाई उपत्यका ट्राफिक कार्यालय, बग्गिखाना लगी 'सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६४ उपदफा १ (ख) अन्तर्गतको कसुरमा कानून बमोजिम कारवाही गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ।

सो विषयमा सत्यतथ्य नबुझी सुरक्षा निकायको नाम जोडेर सम्प्रेषण गरिने सामग्रीले आम नागरिकमा भ्रम सिर्जना गर्ने हुँदा कपोलकल्पित समाचार सम्प्रेषण नगर्न आम सञ्चारमाध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता र सर्वसाधारण सबैमा हार्दिक अपिल गर्दछौं।

सुचना अधिकारी
(गोबिन्द थपलिया)
प्रहरी नायव महानिरीक्षक

Website: https://www.ktmvalley.nepalpolice.gov.np Email: mpco_administration@nepalpolice.gov.np